सभाबाट स्वीकृत मिति २०८१/०३/२५

# आर्थिक वर्ष
# २०८१/०८२ को
# नीति तथा कार्यक्रम

खाँडादेवी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

माकादुम, रामेछाप

बागमती प्रदेश, नेपाल

गाउँसभा सदस्यज्यूहरु,

**"सुन्दर, सभ्य र समृद्ध खाँडादेवी"** निर्माण गर्ने उद्देश्यका साथ खाँडादेवी गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु। नेपालको राष्ट्रिय हित,आर्थिक, सामाजिक न्याय सहितको लोकतन्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रहँदै समुन्नत सङ्घीय शासन प्रणालीको माध्यमबाट समुन्नत गाउँपालिका निर्माण गर्ने हाम्रो सङ्कल्पको यस घडीमा नेपाली जनताले मुलुकको स्वतन्त्रता,सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनता, स्वाभिमान, राष्ट्रहित लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि पटक-पटक गरेका ऐतिहासिक जनआन्दोलन तथा सबै खालका बलिदानी पूर्ण संघर्षको स्मरण गर्दै ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता, घाइते र पीडित नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न माध्यमबाट सकरात्मक सुझाव दिनहुने सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

आन्तरिक तथा वैदेशिक रोजगारीको खोजी, बसाईसराइका कारण गाउँघर सुनसान वस्तीका रुपमा रुपान्तरण हुन पुग्दै छन् । उब्जाउ खेत बारी बाँझो हुन पुगेका छन् । यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनःउत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो विकास गरी "समृद्ध नेपाल सुखी नेपाली" को लक्ष्य हासिल गर्न विद्यमान चुनौतीहरुको रचनात्मक तथा कुशल व्यवस्थापन मार्फत सुन्दर, सभ्य र समृद्व खाँडादेवी निर्माणमा सबै अग्रसर भएर लाग्न जरुरी रहेको छ । यसका लागि खाँडादेवी गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनुपर्ने अवस्था भएको छ। साथै सेवाप्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गरी विद्युतीय सुशासन प्रणालीलाई सेवा प्रभावमा व्यापक र प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

नेपालको संविधान,संघ,प्रदेश र खाँडादेवी गाउँपालिकाको आवधिक योजनाले परिलक्षित गरेको विषयहरु,दिगो विकासको लक्ष्य, प्रदेश सरकारको न्यूनतम साझा कार्यक्रम, राजनीतिक दलहरुको चुनावी घोषणापत्र, सम्माननीय राष्ट्रपतिबाट सङ्घीय संसदमा प्रस्तुत सङ्घीय सरकारको नीति तथा कार्यक्रम, बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम, स्रोह्रौ आवधिक योजना तथा राजनीतिक दल र अन्य सरोकारवालाहरुबाट प्राप्त सुझावहरु समेतको आधारमा खाँडादेवी गाउँकार्यपालिकाद्वारा यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

## आ.ब. २०८०/८१ को समिक्षा

**<u>पूर्वाधार विकास तर्फ :</u>**

नयाँट्र्याक- ९.५ कि.मि., ङाग्युर सम्तेलीङ गुम्बा -निर्माणाधिन, डप्खा-भलाएखर्क सडक स्तरोन्नति, मदन भण्डारी पार्क सल्लेनी थप निर्माण सम्पन्न, बसेरी घट्टेखोला झोलुङ्गेपुल निर्माण सम्पन्न, सित्खा-आँपचौर-चुल्ठेपानी सडक स्तरोन्नति, केन्द्रबाट छनोट भएको नमुना विद्यालयको भौतिक पूर्वाधार व्यबस्थापनका लागि टेवा पर्खाल लगाई खुला क्षेत्र ब्यबस्थापन गर्ने कार्य सम्पन्न, सामुदायिक भवन-गोगनपानी निर्माणाधीन, आकाशेपानी संकलन पोखरी निर्माण कार्य सम्पन्न, गोगने बेसिटोल झोलुंगे पुल निर्माणाधीन, वडा नं. ५ को वडा कार्यालय भवन निर्माण सम्पन्न, भटौली खोला ड्याममा विनियोजित सम्भाव्यता अध्ययन सम्पन्न र बिस्तृत परियोजना प्रतिबेदन तयार, सानाठुला गरि ४२ ओटा खानेपानी योजना सम्पन्न, ३८ ओटा सिंचाई योजना सम्पन्न, ५ वटा स्वास्थ्य भवनहरुको मर्मत तथा ब्यबस्थापन योजना सम्पन्न, ८३ ओटा सडक मर्मत योजना सम्पन्न, ३९ ओटा मठ, मन्दिर, गुम्बा तथा अन्य धार्मिकस्थलहरुको निर्माण सम्पन्न, २३ ओटा सामुदायिक भवन निर्माण सम्पन्न, १५ ओटा विद्यालयको भोतिक तथा अन्य व्यबस्थापन योजना सम्पन्न, १५ ओटा सत्तल निर्माण योजना सम्पन्न, १० ओटा गोरेटो बाटो निर्माण योजना सम्पन्न, २ ओटा पार्क ब्यबस्थापन योजना सम्पन्न र एकओटा झोलुंगे पुल योजना सम्पन्न भएका छन्। भटौली खोला ड्याम डि.पि.आर. भै नसकेकोले चालु आ.व.मा सम्पन्न नभएता पनि डि.पि.आर. भएको र रकम LMBIS ईन्ट्री गरिएको छ । रकम प्राप्त भएमा आयोजना प्रारम्भ गरिनेछ ।

**<u>स्वास्थ्य तर्फ :</u>**

दादुरा रुवेला तथा पोलियो रोग विरुद्धको खोप अभियान संचालन, गर्भवतीको घुम्ती भिडियो एक्सरे सेवा प्रदान, पालिकामा मेडिकल अधिकृत मार्फत सेवा सञ्चालन, स्वास्थ्य चौकी भवन निर्माण, मेडिकल अधिकृत तथा विशेषज्ञ सहितको आँखा, स्त्री रोग, जनरल, नसर्ने रोगको सचेतना तथा समुदाय स्तरमा स्क्रिनिङ शिविर संचालन, स्वस्थ बच्चा प्रतियोगिता संचालन र सवै स्वास्थ्य संस्थामा ईएलएमआईएस रोल आउट भएका छन् ।

**<u>शिक्षा तर्फ :</u>**

विद्यार्थी सत्यापनका आधारमा यथार्थ विवरण संकलन गरी दिवाखाजा र छात्रवृत्ति वितरण,डे बोडर्सका लागि विनियोजित बजेटको परिधिमा रहि कार्यक्रम कार्यान्वयन, गाउँ अनुदान शिक्षकको व्यवस्था, राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता, पालिका स्तरीय प्र.अ.,वि.व्य.स. र शि.अ.सं.का अध्यक्ष,जनप्रतिनिधिहरु विच शैक्षिक गुणस्तर सुधारको विषयमा छलफल तथा अन्तर्क्रिया,परिक्षा केन्द्र निर्धारण गरेर कक्षा ५ को स्रोतकेन्द्र स्तरीय र कक्षा ८ को पालिकास्तरीय बार्षिक परिक्षा

संचालनसँगै प्राप्त सिकाइ उपलब्धिको आधारमा नतिजा विश्लेण गरी विद्यालय,शिक्षक र विद्यार्थीलाई पुरस्कार वितरण र सम्मान कार्यक्रम सञ्चालन, स्थानीय पाठ्यक्रको स्रोत सामग्री र गाउँ शिक्षा योजना,शैक्षिक योजना सहितको क्यालिन्डर निर्माण,एकिकृत पाठ्यक्रम, नतिजा विश्लेषण,वि.व्य.स. अध्यक्षहरुको लागि क्षमता विकास , EMIS सम्बन्धी क्षमता विकास,गणित/विज्ञान प्रदर्शनी,नमुना संसद आदि कार्यक्रम सञ्चालन,जर्मन नेपाल सहयोग संघको सहयोगमा MGML ,सहास नेपालसँगको सहकार्यमा सिकाइ क्षति परिपूरण  तथा छात्रवृति वितरण,रेष्टको सहयोगमा छात्रवृत्ति वितरण जस्ता लागत साझेदारीका कार्यक्रम सम्पन्न भएका छन्। चालु आ.व. मा अति सिमान्तकृत समुदायका केही सैद्वान्तिक असमझदारीले संचालन हुन सकेन, आगामी वर्ष २०८१/०८२ मा पूर्वाधार समेत निर्माण गरी संचालन गरिनेछ ।

**कृषि तथा पशुपक्षी तर्फ :**

आ.व २०७९/८० मा स्थापना भएको सुन्तलाजात फलफूल पकेट विकास कार्यक्रमको निरन्तरता सम्पन्न,२५० वटा बाख्राको खोर निर्माण,एभोकाडो, ड्रागनफुड प्रवर्दन कार्यक्रम सम्पन्न,९ वटै वडामा माटो घुम्ती शिविर संचालन,बाली कटानी प्रविधिबाट धान र गहुँको उत्पादकत्व अनुमान,५०% अनुदानमा मकैको उन्नत बिउ(रामपुर कम्पोजिट र देउती) ,धानको उन्नत बिउ(मकवानपुरे,सावित्री,सुख्खा),हिउदे तरकारीको बिउ(पालुङ्गो,मुला, काउली, गोलभेडा, चम्सुर, रायो, धनिया, बन्दा, प्याज, सिमी, गाजर)र भण्डारण ब्याग(Hermetic Grain Storage Bag) वितरण,वडा नं ३ मा १२x६ वर्ग मिटरको टनेल प्लाष्टिक वितरण,वडा नं ६ मा कृषक आत्मा निर्भर कार्यक्रम(मौरीपालन घार सहित) सम्पन्न,५०% अनुदानमा कृषि यान्त्रीकरण कार्यक्रम सम्पन्न, रैथाने वालीको पहिचान र Documentation सम्पन्न,गड्यौला खेतीको निरन्तरता, वर्षे फलफुलको विरूवा १००% अनुदानमा वितरण गरिएको छ । त्यस्तै गाउँपालिकामा भेटिएक प्रत्येक कुकुरलाई रेबिज विरुद्वको खोपका साथै सो सम्बन्धमा सुमदायमा सचेतना कार्यक्रम सम्पन्न भएको छ । पशुपालक कृषहरुलाई घरघरमा उपचार सेवा प्रदान गरिएको छ । यस वर्ष रेविज खोप ४६० डोज, PPR खोप – १४००० डोज ,रानीखेत खोप – ४००० डोज ,स्वाईन फ्लु खोप – १०००डोज,FMD खोप– १११० डोज लगाईएको छ । गाउँपालिकाबाट १३४७ घरधुरीलाई निःशुल्क औषधी वितरण गरिएको छ जसमा गाईगोरु - २०२३ गोटा, रागाँभैसी– १४३६ गोटा, भेडा/बाख्रा– २२६४८ गोटा ,बंगुर/सुँगुर– १३९८ गोटा ,कुखुरा– ५९०१ गोटा संक्रमित पशुपन्छी रहेका छन। कुकुर बन्ध्याकरण कार्यक्रम संचालन भईरहेको छ । कृषि पशुपन्छी, आँखा उपचार केन्द्र र स्वास्थ्य शिविर एकिकृतरुपमा संचालन भएको छ । २ दिने पशुपालन तथा जुनोटिक रोग बारेमा तालिम संचलान भएको छ ।

**महिला तथा बालबालिका तर्फ :**

लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान अन्तर्गत छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न, गाउँपालिकास्तरिय ११४ औ अन्तराष्ट्रिय महिला दिवस कार्यक्रम सम्पन्न, आमा बाबु विहिनबालबालिकालाई भत्ता वितरण, बालमैत्री स्थानीयतह घोषणा गर्ने उद्देश्य अनुरुप विद्यालयस्तरीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न, बालबिबाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम सम्पन्न, उपाध्यक्षसंग सुत्केरि भेटघाट कार्यक्रम सम्पन्न भएको छ। महिला जनप्रतिनिधिहरुका लागि २ दिने क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ। अपाङ्गता भएका व्यक्तिहरुको लागि सामुदायमा आधारित पूनःस्थापना सहयोग कार्यक्रम सम्पन्न भएको, GESI Adit सम्बन्धी छलफल तथ अन्तर्क्रिया कार्यक्रम संचालन भएको छ।

**न्यायिक समिति तर्फ :**

खाँडादेवी गाउँपालिका न्यायिक समितिमा दर्ता विवाद संख्या २१, फछ्र्यौट विवाद संख्या १६, प्रक्रियामा रहेको विवाद सख्या ४ वटा रहेको र १ वटा विवाद जिल्ला प्रशासन कार्यालय पठाईएको छ । खाँडादेवी गाउँपालिका न्यायिक समिति अन्तर्गत संञ्चालन भएका सबै वडा कार्यालयहरुमा सामुदायिक मेलमिलाप केन्द्रमा दर्ता विवाद संख्या ६७, फछ्र्यौट विवाद संख्या ५३ र प्रक्रिया मा रहेको विवाद संख्या १४ रहेको छ । त्यसै गरी खाँडादेवी गाउँपालिकाको भरी जम्मा विवाद संख्या ८८, फर्छयौट विवाद संख्या ७०, प्रक्रियामा रहेको, विवाद संख्या १८ वटा रहेको छ जसअनुसार ७९.५४ प्रतिशत जनताको गुनासो सुनुवाई भएको छ।

**अध्यक्षसँग जनता कार्यक्रम**

अति सिमान्तकृत समुदायका विद्यार्थी रहेका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक गुणस्तर अभिवृद्दिका लागि संचालन गरिएको डे-बोडर्स संचालन तथा व्यवस्थापन गर्न प्राविधिक समस्या आएकोले नर्सरी देखि कक्षा १० सम्म अध्ययनरत विद्यार्थीहरुको लागि कार्यक्रम सञ्चालन अवधिभर दैनिक प्रति विद्यार्थी रु. ६० का दरले हुन आउने कुल रकम ४०,९७,०००/ (रु. चालीस लाख सन्तानव्बे हजार मात्र) अध्यक्षसँग जनता कार्यक्रम मार्फत व्यवस्था गरिएको छ । रु. १५ लाखको डिजेल खरिद गरी सडक मर्मतसम्भार गरिएको छ। वडा कार्यालय र विद्यालयमा केन्द्रिकित सिसि क्यामेरा जडान गरी शिक्षा शाखा र प्रशासन शाखामा मनिटरिङ गर्ने व्यवस्थाक थालनी गरिएको छ ।

**उपाध्यक्षसँग दिगो विकास तथा कार्यक्रम :**

**उपाध्यक्षसँग दिगो विकास तथा समृद्धि कार्यक्रम** अन्तर्गत सञ्चालन गरिएका, सुत्केरीसँग उपाध्यक्ष भेटघाट कार्यक्रम, तिज बिशेष कार्यक्रम ,महिला जनप्रतिनिधिहरुको लागि क्षमता अभिवृद्धि तालिम र प्रत्यक्ष साना पूर्वाधारका आयोजना लगाइत जनताको जीवनमा समृद्धि आउने कार्यक्रम संचालन गरिएको छ ।

**पञ्जिकरण तर्फ :**

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता नौ वटै वडाहरुमा अनलाईन प्रणाली मार्फत सञ्चालन भएको छ ।विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत सामाजिक सुरक्षा भत्ता वितरणको लागि वडा का वडा सचिव र कम्प्युटर अपरेटरहरु सँग Zoom Meeting को थालनी गरिएको छ । सामाजिक सुरक्षा भत्ता वितरण विद्युतीय भुक्तानी प्रणाली (EFT) माफर्त वितरण भएको छ जसमा पहिलो त्रैमासिक देखि चौथ्रो त्रैमासिक सम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जम्मा लाभग्राहीहरु १४,३५०।- जना र जम्मा वितरण भएको रकम रु. १४,७९,१२,१७३।- (अक्षरुपी चौध करोड उनासी लाख बाह्र हजार एक सय तिहत्तर रुपैया) रहेको छ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ :**

प्रधानमन्त्री रोजगार कार्यक्रम रोजगार सेवा केन्द्र खाँडादेवी गाउँपालिकामा सूचीकृत भएका वेरोजगार व्यक्तिहरुलाई विभिन्न सडक पूर्वाधार, खानेपानी, सिंचाई, सार्वजनिक पूर्वाधार निर्माण, वन तथा वातावरण, पर्यटन पूर्वाधार निर्माण आदि १२ वटा आयोजनामा संलग्न गराई करिब ८,१०० (आठ हजार एक सय) दिन संख्या बराबरको रोजगारी प्रदान गर्ने गरी रोजगारको हक र श्रमको हकको कार्यान्वयनलाई प्राथमिकता साथ सञ्चालन गरिएको छ।

**गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, मेडपा) :**

खाँडादेवी गाउँपालिकाको वडा नं ५ र १ मा २५ जना नयाँ लघु उद्यमी सृजनाका लागि मागमा आधारित विभिन्न तालिम सञ्चालन गरिएको छ । लघु उद्यमीको स्तरोन्नति तर्फ २५ जनालाई पुर्नताजगी (रिफ्रेसर) तालिम उद्यमीको मागका आधारमा सञ्चालन गरिएको छ । नयाँ उद्यमी सृजनाका लागि १ वटा समूहलाई प्रविधि हस्तान्तरण तथा सम्भाव्य उत्पादनको उत्पादकत्व वृद्धि गर्नका लागि १ वटा लघु उद्यमी समुहलाई प्रविधि हस्तान्तरण गरी गरिबी न्यूनिकरण तथा स्वरोजगार हुन अभिप्रेरित गरिएको छ।

**राजस्व तर्फ :**

यस आ.व २०८०/८१ को श्रावणदेखि जेठ महिनासम्ममा कुल आन्तरिक राजश्व जम्मा रु १,४१,५२,३२७.०५ (अक्षेरुपी एक करोड एकचालिस लाख बाउन्न हजार तीनसय सत्ताईस दशमलव पाँच पैसा मात्र जम्मा भएको छ। हालसम्ममा सबैभन्दा बढी राजश्व संकलन गर्ने वडा वडा नं १ राकाथुमले ४,४१,१९३.१९ (अक्षेरुपी चार लाख एकचालिस हजार एक सय तिरानब्बे रुपैंया) संकलन गरेको सबैभन्दा कम वडा नं ८ जस्ले ३५,५२० (अक्षेरुपी पैंतिस हजार पाँच सय बिस रुपैंया मात्र संकलन गरेको छ ।

**उद्योग तर्फ :**

उद्योग शाखाबाट हालसम्म ४२१ व्यवसाय तथा उद्यम दर्ता प्रमाण पत्र जारी गरिएको छ । जसमध्ये यस आ.व.मा ४३ नयाँ व्यवसाय दर्ता, बन्द गरिएको ३ वटा, नाम परिवर्तन, ३ वटा साझेदारीलाई एकल गरिएको छ। भने हालसम्म संगठित व्यवसाय रोजगारी तर्फ १८१ जनाले रोजगारी पाएका छन् जस्मा पुरुषको संख्या ६३८ र महिलाको संख्या ५४३ रहेको छ। च्याख्ला उद्योग संचालन तथा बजारीकरण भएको छ ।

**सहकारी :**

सहकारी शाखा यस आ.व.मा ५६ वटा सहकारी दर्ता भएका छन। यस गाउँपालिका दर्ता भएका सहकारीमा कुल ५४१४ जना सदस्य रहेको ,अंशधन रु ३,३२,१९,५२४ र बचत रु ७,८३,३७,४७८ रहेको छ ।

**सूचना प्रविधि तर्फ :**

विद्यालय तथा वडा कार्यालयमा केन्द्रिकृत सिसि क्यामेरा जडानको थालनी, कार्यालयको चिठीपत्र, सूचना व्यवस्थापन गर्न आन्तरिक सूचना प्रणालीको विकास, विभिन्न स्थान तथा वडा कार्यालयमा फ्रि-वाई-फाईको व्यवस्था गरिएको छ ।

**गाउँसभा सदस्यज्यूहरु,**

**सामाजिक विकास सम्बन्धी नीति**

**स्वास्थ्य, शिक्षा, महिला, बालबालिका,युवा,सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी**

१. हरेक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच स्थापित गराई आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क सर्वसुलभ र गुणस्तरीय बनाइनेछ।

२. ५ शैयाको अस्पतालको निर्माण कार्य पुरा गरी आकस्मिक तथा सामान्य उपचारको प्रवन्ध मिलाइनेछ।

३. स्वास्थ्य संस्थामा सुरक्षित प्रसुति सेवालाई गुणस्तरीय र शून्य होम डेलिभरी गराउनका लागि गर्भवती तथा सुत्केरीलाई पौष्टिक आहारका लागि आवश्यक व्यवस्था तथा संस्थागत प्रसुति हुनेलाई निःशुल्क एम्बुलेन्सको व्यवस्थालाई निरन्तरता दिईनेछ । रेफरल फण्डको व्यवस्थापन गरिनेछ।

४. महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आफ्नो जिम्मेवारीप्रति उत्तरदायी र जवाफदेही बनाइनेछ। आफ्नो कार्य क्षेत्रको स्वास्थ्य सम्बन्धी जनचेतना तथा सरसफाईको जिम्मेवारी समेत प्रदान गरिनेछ ।

५. पोषणमैत्री तथा संस्थागत प्रसुतियुक्त वडा र गाउँपालिका घोषणा गर्न आवश्यक तयारी गरिनेछ।

६. स्वास्थ्य बीमा कार्यक्रमलाई थप विस्तार गरिनेछ, तथा गाउँपालिकाभित्र बसोबास गरेका अति विपन्न परिवार र कोही नभएका तथा केही नभएका व्यक्तिलाई प्रथम पटकको बीमाशुल्क बापतको रकम गाउँपालिकाबाट अनुदान स्वरुप प्रदान गरिनेछ ।

७. आयुर्वेदिक,प्राकृतिक चिकित्सा,योग,व्यायम तथा ध्यानको माध्यमबाट मानिसलाई दीर्घ जीवनको लागि प्रेरित गरिनेछ ।

८. सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रवर्द्धनात्मक,प्रतिकारात्मक तथा उपचारात्मक सेवालाई एकिकृत गरी आधारभूत सेवा उपलब्ध गराईनेछ।

९. रेडक्रस सोसाईटीसँगको सहकार्यमा नागरिकलाई ब्लड आवश्यक परेमा निःशुल्क व्यवस्था मिलाईनेछ।

१०.आकस्मिक स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन आवश्यक देखिएमा थप एम्बुलेन्सको व्यवस्था गरिनेछ। साथै माग तथा आवश्यकताको आधारमा शव वाहन सेवा लागत साझेदारीमा सञ्चालन गरिनेछ।

११. टोलबस्तीमा आकस्मिक मोबाइल अस्पताल सञ्चालन गरिनेछ ।

१२. गाउँपालिकाको वडा तथा वस्तीमा विशेषज्ञ सहितको स्वास्थ्य सेवा तथा शिविर सञ्चालन गरिनेछ। साथै पूर्णखोप र पूर्ण सरसफाईयुक्त गाउँपालिका सुनिश्चितता गरिनेछ ।

१३. डेङ्गु तथा अन्य माहामारी रोगको प्रकोपलाई नियन्त्रण र रोकथामको लागि आवश्यक प्रवन्ध मिलाइनेछ।

१४. अस्पताल सञ्चालन गरी स्वास्थ्य बीमाको प्रथम सेवा बिन्दुको रुपमा सञ्चालन गरिनेछ।

१५. ग्रामीण आँखा केन्द्रको स्तरोन्नति गरी प्राथमिक आँखा उपचार केन्द्र स्थापना गरिनेछ।साथै स्वास्थ्यकर्मी सहितको डेन्टल सेवा समेत सञ्चालन गरिनेछ ।

१६. मृगौला, क्यान्सर तथा मेरुदण्ड पक्षघातका दिर्घ रोगीहरुलाई गाउँपालिकाले दिदै आएको सहयोगलाई निरन्तरता दिईनेछ।

१७. स्वास्थ्य संस्थामा औषधी ओसारपसारलाई सहजताका लागि मेडिकल ड्रोनको व्यवस्था गरिनेछ। साथै टेलिमेडिसिन सेवा सञ्चालन गरिनेछ ।

१८.गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाहरुको अभिलेख र प्रतिवेदन कार्यलाई व्यवस्थित गर्न डिजिटल स्वास्थ्य सूचना प्रणाली लागू गरिनेछ ।

१९.गाउँपालिकामा MBBS डाक्टरबाट सेवा दिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

२०.नसर्ने रोगको भार कम गर्न सचेतना तथा समुदाय स्तरमा स्क्रिनिङको व्यवस्था मिलाईने छ।

**गाउँसभा सदस्यज्यूहरु,**

२१.सबै गाउँपालिकावासीलाई देशभक्त, सभ्य, सु-संस्कृत, योग्य, प्रतिस्पर्धी, उद्यमशील, सीपयुक्त, आत्मविश्वासी र भविष्यप्रति आशावान बनाउने शिक्षा नीति अवलम्वन गरिनेछ।

२२.विद्यार्थी संख्या, सिकाई उपलब्धी, विषयगत आधार र भौगोलिक दुरीका आधारमा शिक्षक दरवन्दी मिलान, सरुवा, विद्यालय समायोजन (मर्ज) तथा कर्मचारीको व्यवस्थापन कार्यलाई निरन्तरता दिईनेछ।

२३.कक्षा ५ को स्रोत केन्द्रस्तरीय र कक्षा ८ को गाउँपालिकास्तरीय परीक्षा केन्द्र निर्धारण गरी परीक्षा संचालनलाई निरन्तरता दिईनेछ। SEE, कक्षा ११ र १२ को परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन सरोकार पक्षसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ। उत्कृष्ट विद्यालय, विद्यार्थी, शिक्षक, अभिभावक र शिक्षासेवीलाई सम्मान गर्ने परम्परालाई निरन्तरता दिइनेछ।

२४.प्राविधिक शिक्षा सञ्चालन भईरहेका विद्यालयहरुलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

२५.सामुदायीक सिकाई केन्द्रको कार्यक्षेत्र विस्तार गरी व्यवस्थित बनाईनेछ।

२६.निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई प्रोत्साहन गर्दै घुम्ति परीक्षा सञ्चालन,विषयगत स्रोत शिक्षक तयार र शिक्षक, कर्मचारी क्षमता विकास गर्न तालिम सञ्चालन गरिनेछ।

२७.विद्यालयको शैक्षिक सुधारका लागि पालिकाद्वारा प्र.अ.सँग र प्र.अ.द्वारा शिक्षकहरुसँग कार्यसम्पादन सम्झौता गरिनेछ। पेन्सन प्राप्त शिक्षकहरुले स्वेच्छिक अवकास लिन चाहेमा सम्मान सहित विदाई कार्यलाई निरन्तरता दिईनेछ।

२८.गणित र विज्ञान विषयको प्रदर्शनी, जनप्रतिनिधि र प्र.अ.सँग विद्यार्थी विच प्रश्नोत्तर कार्यक्रम आदि जस्ता विद्यार्थीको नेतृत्व विकास गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

२९.खेल,नृत्य र ललितकलासँग सम्बन्धित प्रशिक्षकको व्यवस्था गरी कार्यतालिका बनाई प्रभावकारी ढङ्गले परिचालन गर्नुका साथै स्थानीय स्काउटलाई सक्रिय बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ।

३०.विद्यार्थी तथा युवाहरुलाई खेलप्रतिको रुचि जगाउन,खेलाडी पहिचान गर्न,प्रतिभा पहिचान गर्न विद्यालय,पालिका,जिल्ला,प्रदेश,राष्ट्रिय र अन्तराष्ट्रिय स्तरका प्रतिस्पर्धामा सहभागी हुने अवसर प्रदान गरिनेछ।

३१.युवा परिषदद्वारा  युवाको क्षमता अभिवृद्धि ,शिपमूलक तालिम सञ्चालनका साथै युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ। खेलकुद समितिलाई सक्रिय बनाई खेलाडी छनौट,विभिन्न प्रतिस्पर्धामा सहभागी गराउने कार्यलाई व्यवस्थित गरिनेछ।

३२.सहास नेपाल,जर्मन नेपाल सहयोग संघ, ग्रामीण स्वस्थ्य र शिक्षा सेवा गुठी, शैक्षिक परिवर्तन प्रतिष्ठान, हनुमान अनुलुस नेपाल,युएसआईडि लगायत शिक्षासगँ सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुसगँको समन्वय र सहकार्यलाई निरन्तरता दिईनेछ।

३३.गाउँपालिकाको भूगोल, हावापानी, प्राकृतिक श्रोत, सामाजिक, साँस्कृतिक, आर्थिक, ऐतिहासिक र वातावरण लगायतको विषयबस्तुहरु समेटेर बनाई कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रम सँग सम्बन्धितरहेर तयार गरेको  कक्षा (१-८)को स्थानीय पाठ्यक्रमको स्रोत समग्री र ५ बर्षे  गाउँ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन प्रारम्भ गरिनेछ।

३४."गुणस्तरीय शिक्षा हाम्रो प्रतिवद्धता" लाई साकार पार्न सबै बालकक्षाहरुलाई थप व्यवस्थित,कक्षा (१-५) सञ्चालित विद्यालयमा MGML, कक्षा (६-८) संचालित विद्यालयमा डे-वोडर्स, कक्षा (९-१२) सञ्चालित विद्यालयहरुका लागि एक आवासीय विद्यालय सञ्चालन गरिनेछ। प्राविधिकधारको विद्यालयलाई प्रदान गरिदै आएको अनुदान र गाउँ अनुदानको शिक्षकको व्यवस्थालाई निरन्तरता दिइनेछ। थप जनशक्ति व्यवस्था गरी डेबोडर्सलाई व्यवस्थित गरिनेछ।  कक्षा (७-१०) का प्रत्येक विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था गरिनेछ। अति सिमान्तकृत(थामी र माझी),दलित र अति विपन्नको लागि सिमित कोटा निर्धारण गरी एक आवसिय माध्यमिक विद्यालयमा सञ्चालन गरिनेछ। शिक्षकहरुको न्यूनतम आधारभूत तालिमको व्यवस्था सँगै तहगत ईन्चार्जको व्यवस्था मिलाईनेछ।

३५.  सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न लाभग्राहीहरुलाई वडा  कार्यालयबाट  सरल र शुलभ  रुपमा  वडा वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रबन्ध मिलाइनेछ।

३६.सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई  राष्ट्रिय परिचय पत्र (National ID Card) अनिवार्य गरिएको सम्बन्धमा वडा वडामा छुट भएका वृद्धवृद्धको नागरिकता र राष्ट्रिय परिचयपत्र वितरण गर्नको लागि सम्बन्धित निकायमा अनुरोध गरी घरघरमा राष्ट्रिय परिचयपत्र वितरण गर्ने प्रबन्ध मिलाईनेछ।

३७.  सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नयाँ लाभग्राहीहको दर्ता र नविकरणको लागि हाल विभागको मिति २०८०-०१-१७ को निर्णयानुसार राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification अनिवार्य  भएको हुँदा उक्त Biometric Verification  Scanner Device खरिद गर्नको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

३८.  जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ ।

३९.  सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तामा नागरिकको सहज पहुँच पुऱ्याउन तथा शत् प्रतिशत घटना दर्ता गराउन, सूचना सञ्चार तथा पहुँच अभियान गरिनेछ ।

४०.  खाँडादेवी गाउँपालिकाको आ.व. २०८१/०८२ को लागि कार्यालयमा कार्यरत एम.आई.एस. अपरेटर तथा फिल्ड सहायकको पारिश्रमिक तलब भत्ताको व्यवस्था गरिनेछ ।

४१. कर्मचारी तथा जनप्रतिनिधिहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुका साथै घटना दर्ता सामाजिक सुरक्षा कार्यक्रमको बारे जानकारी अभिवृद्धि गर्ने प्रचार प्रसारका अभियानहरु सञ्चालन गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

४२.जोखिम तथा पारिवारिक हिंसामा परेका महिला,बालबालिका, किशोर-किशोरी, अपाङ्ग, अनाथ, टुहुरा बालबालिका लगायत अभिभावक विहीन नागरिकको संरक्षण तथा क्षमता विकास गर्न सामुदायिक, नीजी र गैरसरकारी क्षेत्रलाई समेत परिचालन गरी कार्यक्रम निर्माण गरिनेछ ।

४३.लैङ्गिक उत्तरदायी बजेट (GRB) र लैससास (GESI) परिक्षण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

४४. ऐन कानूनमा रहेको जातिय छुवाछुत कार्यान्वयन दलित उत्थानको लागि दलित सशक्तिकरण ऐन बनाई आयमूलक र शिपमुलक सहित जनचेतना कार्यक्रम टोल टोलमा संचलान प्रत्येक वर्ष जेठ २१ गते छुवाछुत उन्मुलन दिवस मनाईने छ ।

४५.उत्कृष्ट रैथाने ज्ञान सिप पहिचान भएका दलित/अतिसिमान्तकृत/आदिवासी जनजातिको लागि उत्थान तथा प्रोत्साहन कार्यक्रम आयोजना गरिनेछ।

४६.वालमैत्री स्थानीय शासन कार्यविधि बनाई बालमैत्री वडा र पालिका घोषणा गर्न आवश्यक कार्य गरिनेछ। विभिन्न संघ/संस्था (सेफ हाउस, सिडियस, माईती नेपाल) लगायत गैरसहकारी संस्थासँग लागत साझेदारी मार्फत विभिन्न कार्यक्रम संचालन गरिनेछ।

४७.गाउँपालिकास्तरीय लैङ्गिक हिंसा निवारण कोषको प्रभावकारी परिचालन गरिनेछ।

४८.अपाङ्ग परिचय पत्र नवीकरण तथा अपाङ्गको अवस्थालाइ मध्यनजर गरी उनीहरुको सेवा सुविधाको सुनिश्चितता गरिनेछ। "ग"र "घ" वर्गका अपाङ्गहरुका लागि वार्षिक रुपमा केही प्रोत्साहन रकम उपलब्ध गराईनेछ।

४९.एकल महिला विशेष तथा आयआर्जन कार्यक्रम साथै कार्यस्थलमा शिशु स्तनपान कक्षाको व्यवस्था गरिनेछ।

५०.राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा मनाउदै आएका विभिन्न दिवसिय कार्यक्रमहरु गाउँपालिका, वडा कार्यालयहरु, विद्यालय, स्वास्थ्य संस्थाहरु तथा सरोकारवाला सबैमा समेत गरी जनचेतनामूलक कार्यक्रम गरिनेछ।

५१. आमावावु विहीन( टुहुरा) बालबालिकाहरुको संरक्षण र व्यवस्थापनका लगि प्रदेशसंगको साझेदारीमा कार्यक्रम संचालन गरिनेछ।

५२. महिलालाई आर्थिक तथा सामाजिक रुपमा शसक्तिकरण गर्न **गृहिणी महिला सशक्तिकरण कार्यक्रम** तथा गृहिणी महिलाहरुको भान्सा परिवर्तन तालिम संचालन गरिनेछ ।

५३.**जैष्ठ नागरिक समाजका सम्पति हुन् भन्ने मान्यतालाई आत्मसात गर्दै** जेष्ठ नागरिकको ज्ञान सिप तथा अनुभवको पुस्तान्तरण एवम् आत्मसम्मानका लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ।

५४. खाँडादेवी मन्दिर, बिश्वमित्र गुफा, श्रीकृष्ण प्रणामी मन्दिर, रुद्रेश्वर महादेव, नर्वदेश्वर महादेवको स्वामित्वमा रहेको गुठ्ठी जग्गा लगायत दैनिक प्राप्त हुने भेटीमा पालिकाले कर्मचारी व्यवस्थापन गरी रेखदेख गर्न आवश्यक प्रवन्ध मिलाईनेछ ।

५५. पर्यटन प्रवर्धनका लागि नीजि, गैर सरकारी, सहकारी क्षेत्रको लगानी आकर्षित गर्न लागत सहभागितालाई प्रोत्साहन गरिनेछ साथै डिजिटल बोर्ड,पिकनिक स्पोर्ट,होमस्टे संचालन,म्याराथन दौड,संग्रहालय निर्माण लगायत साँस्कृतिक महोत्सव आयोजना गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

**आर्थिक विकास सम्बन्धी नीति**

**कृषि तथा पशुपंक्षी विकास शाखा , संस्कृत पर्यटन तथा सम्पदा संरक्षण, सहकारी, रोजगार उद्योग तथा वाणिज्य**

५६. खाँडादेवी गाउँपालिकामा कृषिको दिगो, सन्तुलित र व्यवस्थित विकासका लागि कृषि तथा पशुपंक्षी तथ्याङ्क अध्यावधिक गरि कृषि तथा पशुपंक्षि प्रोफाइल तयार गरिनेछ । कृषकको वर्गीकरण र पहिचान गरी कृषि पेशाको सम्मान गर्दै व्यावसायिक कृषि सेवा प्रदान गरिनेछ।

५७.निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायिक खेती प्रणालिमा रूपान्तरण गरिनेछ । साथै विदेशबाट फर्केका युवाहरुलाई सामुहिक रुपमा व्यवसायिक कृषि पेशा गर्न प्रोत्साहन गरिनेछ।

५८. कृषि विकासका लागि जमिनको खण्डीकरण र बाँझोपना नियन्त्रण गर्न चक्लाबन्दी खेति सिंचाई प्रणाली विकास, कृषिको यान्त्रीकरण, आधुनिकीकरण र वैज्ञानिकीकरण, कृषि हाट बजारको संचालन व्यवस्था मिलाईने छ।

५९. खेती नगरी बाँझो जग्गा छोड्ने जग्गाधनीहरुको जग्गामा उत्पादन गर्न चाहने छिमेकी वा भूमिहीन श्रमिकहरुले व्यवसाय खेती गर्न चाहेमा सम्बन्धित जग्गा धनिको समेत सहमतीले खेति गर्ने व्यवस्था मिलाउने नीति लिइनेछ। बाझों तथा खेतीपातीलाई योग्य नभएका जग्गाहरुमा बुद्धचित्त र गाँजाखेती गर्न प्रोत्साहन गरिनेछ।

६०.एक वडा एक कृषि उत्पादन अन्तर्गत हरेक वडालाई चिनाउने एउटा कृषि वस्तुको प्रवर्धन गरी उत्पादनमा वृद्धि गरिनेछ।

६१. उत्पादनमा अनुदान नभई बिक्रीमा अनुदान दिई कृषकलाई उत्प्रेरित गर्नुका साथै कृषि वस्तुको ढुवानीमा अनुदान दिइनेछ।

६२. माध्यमिक तहका विद्यार्थीहरुलाई कृषि पेशामा प्रयोगात्मक रुपमा संलग्न गराई कृषि क्षेत्रलाई कृषि शिक्षालयको रुपमा विकास गरिने नीति लिइनेछ।

६३. प्राकृतिक प्रकोप वा विशेष कारणबाट कृषि जन्य उत्पादनमा हुने हानी नोक्सानीलाई राहतको लागि कृषि राहत कोष स्थापना गरिनेछ। यसको लागि रकम विनियोजन गरी कार्यविधीको आधारमा उक्त कोषबाट राहत तथा क्षेतिपूर्ति प्रदान गरिने व्यवस्था मिलाइनेछ।

६४. संघ ,प्रदेश सरकार र अन्य संघ संस्थाको समन्वय र सह लगानीमा सुख्खा क्षेत्रमा सिंचाईको व्यवस्था मिलाइनेछ।

६५. रोजगार सेवा केन्द्र बाट आन्तरिक तथा वैदेशिक रोजगारी सम्बन्धी परामर्श, रेफरल, रोजगार बिनिमय, श्रम स्वीकृती लगायत सेवाहरु प्रदान गरी मर्यादित तथा सुरक्षित श्रम तथा रोजगारीको मौलिक हरुको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

६६. स्थानीयको मौलिक ज्ञान र रैथाने वस्तुको संरक्षण सगँसँगै सम्वर्द्धन गरिने र कृषि उद्यमीलाई सहयोग गर्ने उद्देश्यका साथ बिउँ पुँजी कोषको स्थापना गरिनेछ। कृषि क्षेत्रमा प्रयोग गरिने हानिकारक विषादी नियन्त्रण गरी आइपिएम पद्वति अपनाई कम्पोष्ट र प्राराङ्गिक मललाई प्राथमिकता दिइनेछ।

६७. कृषि श्रमिक परिचालन गरी व्यसायिक कृषि प्रबर्द्धन, कृषि कार्य र कृषि उपजमा आधारित उद्यम र उत्पादित बस्तुको बजारीकरणको प्रबन्ध मिलाइनेछ। गाउँपालिकामा रहेका विभिन्न कृषि सहकारीलाई प्रोत्साहन गरी सहकारी मार्फत उत्पादित वस्तुको बजारीकरण गरिनेछ।

६८. तालिम तथा प्रचार प्रसार सेवा तर्फ कृषकहरुमा समय अनुसार ज्ञान सीप बढाउने उद्देश्यले छोटो अवधिको तालिम संचालन, अन्तरक्रिया गोष्ठी, कृषकबाट कृषक प्रविधिबारे जानकारी लिन/दिन विभिन्न संघ संस्थाबाट प्रकाशित सूचना प्रविधि पम्पलेट, लिफलेट आदि वितरण तथा पशु स्वास्थ्य शिविर संचालन गरिनेछ।

६९. घरदैलो सेवालाई अझ प्रभावकारी रुपमा सेवा प्रदान गर्नको लागि एक वडा एक प्राविधिक परिचालन गरिनेछ। पशु तथा बाली बीमालाई प्रोत्साहन गरिनेछ। कृत्रिम गर्भाधान तथा नस्ल सुधार कार्यक्रमलाई प्रथामिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ।

७०. पशु स्वास्थ्य सेवातर्फ प्राथमिक उपचार, परजीवी नियन्त्रण र आकस्मिक उपचार सेवा, गुणस्तरीय ल्याव सेवा प्रदान गरी पशुहरुमा लाग्ने महामारी रोग विरुद्ध निःशुल्क खोप कार्य संचालन गरी पशुपालक कृषकहरुलाई सेवा पुऱ्याई पशुधन स्वस्थ राख्ने कार्यको सुनिश्चितता गरिनेछ। गाउँपालिकामा निर्माणधिन पशु तथा कृषि भवनबाट पशु स्वास्थ्य सेवा संचालन गरिनेछ।

७१. समूह सहकारीमा आवद्ध भई पशुपालन गर्ने कृषकहरुलाई पशुआहारा व्यवस्थापन अन्तर्गत हे मेकिङ साइलेज तयारी तथा दुग्ध संकलन कन्टेनर, दुध दुने मेसिन, च्याप कटर मेसिन काउ म्याट लगायतका उन्नत प्रविधिमा अनुदान कार्यक्रममा निरन्तरता दिइनेछ। स्वस्थ र गुणस्तरीय मासु उत्पादन एवम वितरणका लागि आवश्यक सहयोग गरिनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

७२. खाँडादेवी गाउँपालिकाको प्राचीन संस्कृतिक सम्पदा जैविक विविधता दृश्य अवलोकन जस्ता पर्यटकिय पूर्वाधारको उपयोग र विकास, तारे होटल तथा रिशोर्ट उद्योगमार्फत पर्यटकलाई आकर्षिक गरिनेछ।

७३. सहकारीलाई अर्थतन्त्रको महत्वपूर्ण खम्बाको रुपमा प्रवर्धन, सवलीकरण विकास गर्न सहयोग गरिनेछ साथै खाँडादेवी गाउँपालिका सहकारी संघ सस्थाहरुको लागत साझेदारीमा सहकारी प्रर्वधन एव सामुदायिक विकास कार्यक्रम संचालन गरिनेछ।

७४. समान प्रकृतिका सबै सहकारीहरुलाई एकीकरण गर्न कोपोमिसमा आवद्ध गरी सहकारी सम्बन्धी तथ्याङ्कलाई व्यवस्थित गरिनेछ।

७५.उद्यमीको साथमा अध्यक्ष र उपाध्यक्ष भन्ने अभियानको साथ गाउँपालिकाले युवा उद्यमशील विकास कार्यक्रम संचालन गरिनेछ। आल्चा,हलुवावेद लगायत गुलियो प्रजातीको फलफूलजन्य (वाइन) उद्योग सञ्चालनको वातावरण निर्माण गरिनेछ।

७६.खाद्यान्नको अभावमा रहेका ,गर्भवती ,ज्येष्ट नागरिक, अपाङगता भएका व्यक्ति, असहाय बालबालिको हकमा सम्बन्धित वडा मार्फत विना श्रम राहत स्वरुप खाद्यान्न उपलब्ध गराइनेछ।

७७. गाउँपालिकाको पहिचान झल्कने परम्परागत हस्तकला, ढाका ,सुकुल आदी उत्पादनको बजारीकरणमा सहयोग गर्न कोसेलीघर संचालनमा ल्याइनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

**पूर्वाधार विकास सम्बन्धी नीति**

**सडक, भवन, सूचना तथा सञ्चार प्रविधि, सिंचाई, उर्जा, खानेपानी तथा पूर्वाधार निर्माण सम्बन्धी**

७८. गाउँपालिकाका मुख्य सडकबाट स्वास्थ्य संस्था, विद्यालय, वडा तथा गाउँपालिकाको प्रशासनिक भवन लगायत सार्वजनिक इकाइसम्म जाने बाटोहरुलाई नाला व्यवस्थापन गरी बाह्रैं महिना निर्वाद रुपमा यातायात संचालन गर्ने गरी बाटोहरुको स्तरोन्नतीलाई प्राथमिकता दिइनेछ।

७९. गाउँपालिकाको केन्द्रमा गाउँपालिकाको स्थायी भवनको निर्माणको थालनी गरिनेछ ।

८०. कालोपत्रे सडकको आसपास, बस्ती क्षेत्र र सुरक्षाको दृष्टिकोणबाट संवेदनशील क्षेत्रमा सडक बार, बत्ती र सिसि क्यामेराको व्यवस्था गरिनेछ ।

८१. नयाँ भवन निर्माण गर्दा नक्सा पास अनिवार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

८२. संघ, प्रदेश, अन्तर पालिका र विकास साझेदारहरु विच लागत साझेदारीमा आयोजनाहरु संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

८३. गाउँपालिकाभवन, कर्मचारी तथा अतिथी आवास, स्वास्थ्य केन्द्र भवन, सामुदायिक भवन,ड्राइभिङ सेन्टर, ओपन जिम, पार्किङ स्थल तथा भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गरिनेछ साथै यसका लागि केन्द्र, प्रदेशसँग आवश्यक समन्वय समेत गरिनेछ।

८४. गाउँपालिकाको भौतिक पूर्वाधारलाई प्रविधिमैत्री, वालमैत्री, वातावरणमैत्री तथा अपांङ्गमैत्री बनाइनेछ।

८५. छरिएर रहेका अति विकट र बाढी पहिरोको जोखिममा रहेका नागरिकहरुलाई उपयुक्त स्थानमा स्थानान्तरण गरिनेछ । यसको लागि गाउँपालिकाले एकीकृत आवास कार्यक्रमको सम्भाव्यता अध्यन गरी सञ्चालन गर्न आवश्यक पहल गरिनेछ।

८६. बिगतका सिचाँइ सुविधा पुगेका तर हाल सुख्खा रहेका क्षेत्रहरुमा बाँध (ड्याम) बाँधेर सिंचाई सुविधा क्रमैसँग पुर्याईनेछ।

८७. खानेपानीका लागि पानीको मुहान संरक्षण, धारा निर्माण, इनार निर्माण तथा खानेपानी ट्यांकी निर्माणका लागि बजेटको व्यवस्थापन गरिनेछ।

८८. एकीकृत माझी बस्ती डप्खाको लागि जग्गा व्यवस्थापन तथा संरक्षणको लागी पहल तथा अग्रसरता लिइनेछ।

८९. दिगो सडक निर्माणका लागि सडकको ढलान कार्यलाई निरन्तरता दिइनेछ।

९०. बोरिङ्ग लिफ्ट खानेपानी आयोजनाका लागि विज्ञद्धारा सम्भावित स्थलहरुको खोजी गरी खानेपानीको सहज व्यवस्थाका लागी आवश्यक कार्य अगाडि बढाइने छ ।

९१.लामो समयदेखि सुख्खा क्षेत्र भिरपानी, पकरवास लगायतको जनतालाई पिउने पानी सुनकोशी र तामाकोशीबाट लिफ्ट गरी आपूर्ति भई रहेकोमा विद्युत महशुल तथा मर्मत संभार खर्च धान्न नसकेको, बेलाबखत गाउँपालिकाले विद्युत महशूल भुक्तानीमा सहयोग गर्दै आउनु परेको छ ।नियमित विद्युतको महशुल तथा मर्मत खर्च भुक्तानी गरी रहदा पूजीगत खर्चमा कमि देखिने हुँदा उपभोक्ता स्वयमले धान्न सक्ने अवस्था सृजना गर्ने बिषेश पहल गरीने छ ।

९२.नियमित बक्यौता रहने विद्युत लाईन काटिने , समितिले शुल्क उठेन, तिरेन तोकिएको भन्दा कम मात्र तिरे पैसा उठ्ने वा सापटी लगेको फिर्ता गरेन्न जस्तो फितलो ,लापरवाही अन्य कार्य हुने सुनकोशी तर्फको समितिबाट पटक पटक रकम मात्र माग भै रहनु, विद्युतको लाईन काटियो भन्ने गुनासो सुन्न स्वय समितिको असक्षमता देखिन्छ। यी कमि कमजोरीलाई व्यवस्थित गरी आत्मा निर्भर बनाउनको लागि र न्यूनतम सहयोग गर्ने बजेटको समेत प्रवन्ध गरिने छ ।

९३.अन्य क्षेत्रमा सुरु हुन लागेको लिफ्टिङ खानेपानीलाई सुरुदेखि नै धान्न सक्ने योजना बनाइनेछ ।

९४. स्वास्थ्य, कृषि तथा अन्य सार्वजनिक कार्यालयहरुको मर्मत सम्भार गरिनेछ।

९५. सुकुम्वासीलाई जग्गा धनी प्रमाणपूर्जा, परिचयपत्र वितरण गरिने प्रबन्धको लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ।

९६. खाँडादेवी गाउँपालिकामा कार्यालय परिसरमा रहेको खानेपानी टयाँङ्कीबाट ओभरफ्लो भएको पानी अभावग्रस्त क्षेत्रमा वितरण गरिनेछ। साथै एक घर एक धारा अभियानलाई निरन्तरता दिदै एक घर एक धारा वडा घोषणा गरिनेछ।

९७. आकाशे पानी संकलन तथा रिजर्भ टयाङ्की निर्माणलाई निरन्तरता दिइनेछ। सफा, स्वच्छ र सुरक्षित पिउने पानीको प्रत्याभूति गरिनेछ ।साथै भूमिगत पानीको श्रोत पहिचान गरी दिगो रुपमा उपयोग गर्ने व्यवस्था मिलाइनेछ।

९८. निर्माण भएका सम्पूर्ण घरहरुको नम्बर राख्ने प्रबन्ध गरिने छ र डिजिटल प्रोफाईलको परिवारको डाटाहरु अद्यावधिक गरिनेछ।

९९. खाँडादेवी गाउँपालिकाका ठुला वडाहरु(१,३,७)लाई विभाजन गरी वडा संख्या थप गर्दै वडा नं. २ को रायगाउँ र चुल्ठेपानीआगामी वर्षमा गाउँपालिका बनाउन प्रक्रिया अगाडि बढाइनेछ।साथै

जोडिएका छिमेकी नगर तथा गाउँपालिकाहरुसँग समन्वय गरी नगरपालिका बनाउने प्रस्ताव अगाडी बढाइनेछ ।

१००. गाउँपालिकामा भौतिक पूर्वाधार निर्माणको गुणस्तर परीक्षण गर्नको लागि प्राविधिक प्रयोगशालाको व्यवस्थापन कार्य शुरु गरिनेछ ।

१०१. प्राविधिक क्षमता अभिवृद्धीको लागि आवश्यक तालिम तथा प्रविधि खरिद गरिनेछ ।

१०२. अव्यवस्थीत छरिएका वस्तीलाई एकिकृत गरी पूर्वाधार सहितको एकिकृत वस्ती बनाउन जरुरी भएकोले सहरी विकास मन्त्रालयसँग सहकार्य गरी सम्भाव्यता अध्ययन भैईरहेको गोगनपानी तथा गाउँपालिकाको केन्द्र पारेर १२०० देखी २००० मि उचाई सम्म सडकको आसपास क्षेत्रलाई एकिकृत आवास क्षेत्रको रुपमा विकास गरिनेछ ।

१०३. सौर्य उर्जा जडान र लघु जल विद्युत् आयोजना निर्माणको लागि निजी क्षेत्रसँग समन्वय गरिनेछ। साथै नाङ्गो तारलाई विस्थापित गरी इन्सुलेटेड् कालो तार राख्नको लागि सरोकारवाला निकायसँग समन्वय गरिनेछ ।

१०४. गाउँपालिकाको उपर्युक्त स्थानमा विद्युतीय सवारी साधनको लागि चार्जिङ स्टेसनको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

**वातावरण, प्राकृतिकप्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी नीति**

१०५. **"स्वच्छ वातावरण हराभरा वन, प्रदुषणमुक्त खाँडादेवी अभियान"** सञ्चालन गरिनेछ।

१०६. प्राकृतिक तथा रिर्चाज पोखरी आवश्यकता आधारमा सबै वडामा निर्माण गरिनेछ ।

१०७. भु-क्षय रोक्न सक्ने नेपियर, मोलासेस,मुलाटो,अम्रिसो जस्ता घाँसको खेतीका लागि उपभोक्ता समितिसँग सहकार्य गरिनेछ।

१०८. **"बहुउपयोगी वन, खाँडादेवीको धन"** भन्ने नारालाई साकार बनाउन गाउँपालिकामा वन समूह, सङ्घ/संस्था र निजी क्षेत्रसँग समन्वय र सहकार्य गरी हरियाली सडक निर्माणको लागि सडक दायाँबायाँ र अन्य स्थानमा वृक्षारोपण गरिनेछ। साथै सल्लाको विकल्पको रुपमा वातावरणमैत्री वृक्षारोपण गर्नको लागि डिभिजन वन कार्यालयसँग समन्वय र सहकार्य गरिनेछ ।

१०९. वन विनाश तथा डढेलो नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

११०. भूमिगत पानीको सम्भाव्यता अध्ययन,खोज तथा अन्वेषण गरिनेछ।

१११. जलवायु परिवर्तन न्यूनीकरण, अनुकूलन र उत्थानशील कार्यक्रम लागु गरी नागरिकहरुमा जलवायु परिवर्तनको जोखिम घटाउने र कार्बन कोषमा पहुँच बढाउने गरी सचेतनामूलक कार्यक्रम गरिनेछ। साथै विपद् पश्चातको प्रतिकार्य र व्यवस्थापनको आवश्यक बजेट व्यवस्थापन गरिनेछ।

११२. पानीमुहान र सार्वजनिक भवनको आसपासमा शौचालय जोडन, ढल निकास तथा फोहरमैला विसर्जन गर्न निषेध र दण्डनीय बनाईनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

**<u>सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति</u>**

**प्रशासन, सेवा प्रवाह, कानुनी सहायता, राजश्व, आर्थिक प्रशासन तथा सुशासन सम्बन्धी**

११३. प्रत्येक वर्ष नीति,कार्यक्रम तथा बजेटको समिक्षा गरिनेछ। नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा बिषयगत समितिलाई सक्रिय बनाई समष्टिगत कार्यक्रम तर्जुमा गरी कार्यक्रमको अपनत्वमा वृद्धि गर्रिंदै लगिनेछ।

११४. संघ र प्रदेश सरकारबाट प्राप्त बजेट विषयगत क्षेत्रबमोजिम सन्तुलित रुपमा बाँडफाँड गरिनेछ।

११५. योजना छनौट गर्दा आवधिक योजना, संघ र प्रदेशको मार्गदर्शन एवं विगतको अनुभव, वडाको माग, प्राथमिकता र नागरिकहरुको अपेक्षालाई आवश्यकता आधारमा छनौट गरिनेछ।

११६. गाउँपालिका भित्रका निजी तथा सार्वजनिक जग्गामा रहेका ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, जडीबुटीको पातपतिङ्गरको बिक्री वितरण गरी आम्दानी गर्ने नीति लिईनेछ ।

११७. गाउँपालिकाको जेसिवि डोजर संचालन गर्न ठेक्कामा दिईनेछ ।

११८. उपभोक्ता समिति गठनमा समावेशिकताको सुनिश्चितता गरी उपभोक्ता समितिलाई तालिम तथा गोष्ठीको माध्यमबाट क्षमता विकासको अवसर प्रदान गरिनेछ ।योजनाको लागत इष्टिमेट, सम्झौता र कार्यादेश प्रथम चौमासिक अवधिमा घुम्ति कार्यक्रम मार्फत सञ्चालन गरिनेछ। उपभोक्ता समितिको कार्यविधि पूर्ण कार्यान्वयन गरी स्रोतसाधनको दुरुपयोग हुनबाट रोक्न प्रभावकारी अनुगमन प्रणाली अवलम्बन गरिनेछ।

११९. संविधान दिवस, अन्तर्राष्ट्रिय श्रमिक दिवस, अन्तर्राष्ट्रिय नारी दिवस,स्वास्थ्य महिला स्वयमसेवक दिवस, राष्ट्रिय बालदिवस, अन्तर्राष्ट्रिय युवा दिवस, धान दिवस,राष्ट्रिय किसान दिवस र विश्व वातावरण दिवस लगायतका दिवसीय कार्यक्रमहरु आयोजना गरिनेछ।

१२०. गाउँपालिकाका सबै कार्यालयहरुमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागु तथा ICT (सूचना तथा प्रविधि) को प्रयोगमा नागरिकको सरल र सहज पहुँच वृद्धि गरिदै लगिनेछ। गाउँपालिकाको तथ्याङ्क अध्यावधिक गर्न संकलन गरिएको डिजिटल डाटा वडा वडामा सुचारु गरिनेछ। वडास्तरको आर्थिक, सामाजिक, धार्मिक, सास्कृतिक, भौगोलिक वृतचित्र निर्माण गरी डिजिटल मार्केटिङलाई तीव्रता दिइनेछ। ज्ञानवर्धक तथा जनचेतनामूलक कार्यक्रम निर्माण तथा प्रसारण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

१२१. सार्वजनिक स्थानहरुमा आवश्यकता अनुसार सि.सि. क्यामरा जडानलाई निरन्तरता दिइनेछ ।बजार क्षेत्र, सार्वजनिक क्षेत्र, सुरक्षाको दृष्टिकोणले सम्वेदनशील क्षेत्रमा सडक बत्तीको व्यवस्था गरिनेछ ।

१२२. केन्द्रीकृत वेव वेस्ड ई–हाजीरी जडान गरी गाउँपालिका, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाहरुमा सेवा प्रवाहमा एकरुपता कायम गरी चुस्तदुरुस्त बनाइने छ ।

१२३. सूचना प्रविधिमैत्री सेवा प्रवाहको अवधारणालाई उच्च प्राथमिकतामा राख्दै सेवा प्रवाहको नविनतम कार्यहरुलाई विकास गर्दै लगिनेछ । यस कार्यबाट सेवाप्रवाह छिटो र पारदर्शिता र विश्वसनीय हुने अपेक्षा लिएको छ ।

१२४. प्रविधिको गलत प्रयोग र त्यसको अपराधबाट बच्ने उचित प्रयोगका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

१२५. टुक्रे तथा छरिएका योजनाहरुमा रकम विनियोजन गर्ने कार्यलाई निरुत्साहित गरी एकिकृत योजनाहरु तर्जुमा गरिनेछ। साथै योजनासम्बन्धी सफ्टवेयरको प्रयोग गरी अभिलेखीकरण कार्यलाई व्यवस्थित गरिनेछ।

१२६. खाँडादेवी गाउँपालिकाको आवधिक योजना (आ.व.२०७६/०७७-२०८०/०८१) को समीक्षा गरी नयाँ आवधिक योजनाको प्रारम्भ गरिनेछ ।

१२७. नागरिकको सेवा प्रवाहलाई प्रभावकारी बनाउन जनशक्ति व्यवस्थापन गर्न दरबन्दी O&M गरी कर्मचारी तेरिज अनुरुप भर्ना नियुक्ति प्रक्रिया अगाडी बढाइनेछ ।

१२८. दीगो विकास लक्ष्य (२०१६-२०३०) प्राप्त हुने गरी सामाजिक, आर्थिक र भौतिक पूर्वाधार लागयतको क्षेत्रमा लगानी अभिवृद्धि गरिनेछ ।

१२९. वि.सं. २०३८ सालको नापी, सीमा र चारकिल्लाको आधारमा वडाहरुको नक्साङ्कन कायम गरिनेछ ।

१३०. गाउँपालिका भित्रका सङ्घसंस्थाहरु, सहकारी तथा वित्तीय संस्थाहरु र कम्पनी तथा उद्यमहरुको नियमन र व्यवस्थापन गरिनेछ।

१३१. भ्रष्टाचार, अनियमितता, अपराध, ढिलासुस्ति तथा यौन हिंसामा शून्य सहनशीलताको नीति अवलम्वन गरिनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

१३२. न्यायिक समितिद्धारा मेलमिलाप केन्द्र संचालन र व्यवस्थापन गरिनेछ। पालिका तथा वस्तीस्तरका विद्यालयमा न्याय सम्बन्धी जनचेतनामूलक र अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३३. न्यायिक समितिका पदाधिकारी/मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

१३४. मेलमिलाप केन्द्रहरुको अनुगमन गर्ने कार्यलाइ प्रभावकारी बनाइनेछ । उत्कृष्ट मेलमिलाप कर्तालाई सम्मान गरिनेछ ।

१३५. गरिब, असहाय तथा पिछडिएका व्यक्तिहरुका लागि निःशुल्क कानुनी परामर्श तथा सहयोग उपलब्ध गराईनेछ।

१३६. न्यायिक कार्य सम्पादन सम्बन्धी विषयमा अन्तरपालिका, अन्तरजिल्ला अनुभव आदनप्रदान गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

१३७. मेलमिलाप कर्ताहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

१३८. न्यायमा पहुच कार्यक्रम संचालन गरिनेछ ।

१३९. मेलमिलाप केन्द्रमा फर्निचरको व्यवस्थापन गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

१४०. करको दायरा विस्तार गरी आन्तरिक राजश्वमा वृद्धि गर्ने नीति अवलम्वन गरिनेछ। राजश्व सम्बन्धित सूचना र अभिलेख प्रणालीलाई व्यवस्थित गरी राजश्व सङ्कलनलाई सहज बनाइनेछ।

१४१. कर दाताहरुलाई समयमै कर तिर्न प्रोत्साहित गरिनेछ ।सवैभन्दा बढी राजश्व सङ्कलन गर्ने कर्मचारीलाई प्रोत्साहनसहित सम्मान गरिनेछ ।

१४२. गाउँपालिका क्षेत्रको राजश्व चुहावटलाई नियन्त्रण गरी व्यापार व्यवसायीहरुलाई करको दायरामा ल्याइनेछ।

१४३. स्थानीय उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

**गाउँसभा सदस्य ज्यूहरु,**

गाउँपालिकाभित्र उत्पादन र उत्पादकत्व वृद्धि, गुणस्तरीय जनशक्तिको परिचालन र रोजगारी सृजनामार्फत समाजमा विद्यमान गरिबी र असमानतालाई न्यूनीकरण गर्दै सामाजिक न्यायसहितको आर्थिक समृद्धि हाँसिल गर्न यो नीति तथा कार्यक्रम सहयोगी हुने विश्वास लिएको छु । यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयको निम्ति सङ्घीय सरकार, प्रदेश सरकार र सरोकारवाला सबैमा सक्रिय सहभागिता र सहयोगको अपेक्षा राखेको छु । अन्त्यमा, गाउँपालिकाको समग्र विकासमा योगदान पुऱ्याउनुहुने जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी लगायत सरोकारवाला सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद

ज्ञानकुमार श्रेष्ठ

सभाध्यक्ष

खाँडादेवी गाउँ सभा